# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

## लेखा प्राविधिज्ञ विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३


पो.व.नं. ५२८९

सातदोवाटो, ललितपूर

फोन नं. ५५०८३२, ५५३०७३०

फ्याक्स नं. ५५५०७७४

# लेखा प्राविधिज्ञ विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम १६ख. मा भएको लेखा प्राविधिज्ञहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न चाहेमा विभिन्न विषयहरु छुट दिने सम्बन्धमा भएको व्यवस्थालाई व्यवस्थित तवरले कार्यान्वयन गर्न परिषदले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ११(य) बमोजिम "लेखा प्राविधिज्ञ विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्वन्धि कार्यविधि, २०७३" बनाएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम "लेखा प्राविधिज्ञ विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धि कार्यविधि, २०७३" रहनेछ ।

१.२ यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

### २.परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'ऐन' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन ,२०५३ सम्झनुपर्छ ।

(ख) 'नियमावली' भन्नाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ सम्झनुपर्छ ।

(ग) 'संस्था' भन्नाले ऐनको दफा ३ बमोजिम स्थापना भएको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था सम्झनुपर्छ ।

(घ) 'परिषद' भन्नाले ऐनको दफा ७ बमोजिम गठन भएको परिषद सम्झनुपर्छ ।

(ङ) 'वोर्ड' भन्नाले नियमावलीको नियम ७६(क) बमोजिम गठित वोर्ड अफ स्टडिज सम्झनुपर्छ ।

(च) शिक्षा विभाग भन्नाले संस्थाको शिक्षा विभागलाई सम्झनुपर्छ ।

(छ) 'कार्यविधि' भन्नाले लेखा प्राविधिज्ञ विषय छुट सम्बन्धि कार्यविधि, २०७३ सम्झनुपर्छ ।

(ज) 'मध्यम तह' भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तह/CAP-II सम्झनुपर्छ ।

(झ) 'अन्तिम तह' भन्नाले चार्टर्ड एकाउन्टेन्सी शिक्षाको अन्तिम तह (CAP-III) सम्झनुपर्छ ।

(ञ) 'लेखा प्राविधिज्ञ' भन्नाले नियम २(ढ) बमोजिम लेखा प्राविधिज्ञको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(ट) 'लेखा प्राविधिज्ञ विनियमावली' भन्नाले लेखा प्राविधिज्ञ विनियमावली २०६७ लाई सम्झनुपर्छ ।

## परिच्छेद २

### ३. विषय छुटको सुविधा

३.१ नियमावलीको नियम १६ख. मा यस संस्थाबाट संचालन गरेको लेखा प्राविधिज्ञ शिक्षा हासिल गरिसकेका र चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा दर्ता हुन योग्य व्यक्तिहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न चाहेमा लेखा प्राविधिज्ञ शिक्षामा उत्तिर्ण गरेका विषयहरु चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहमा रहेछ भने परिषदले मध्यम तहका सो विषयहरु छुट दिन सक्नेछ भन्ने व्यवस्था भएकोमा सो छुट दिने अधिकार बोर्डलाई प्रत्यायोजन गरीएको छ ।

### ४. नाम दर्ता गराउने तथा बिषय छुटको निवेदन सम्बन्धी :

४.१ नियम १६ख. बमोजिम विषय छुटको सुविधा प्राप्त गर्न चाहने लेखा प्राविधिज्ञले नियमावलीको परिच्छेद २ बमोजिम मध्यम तहको विद्यार्थीको रुपमा संस्था समक्ष निवेदन दिई नाम दर्ता गराउनु पर्नेछ । मध्यम तहको विद्यार्थीको रुपमा नाम दर्ता भईसकेपछि विषय छुटको सुविधा प्राप्त गर्न अनुसूची १ बमोजीम देहायको कागजातहरु राखि कार्यविधि बमोजिम तोकिएको शुल्क संलग्न गरी निवेदन दिनुपर्ने छ :

(क) नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट प्राप्त लेखा प्राविधिज्ञको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(ख) लेखा प्राविधिज्ञ शिक्षा अध्ययन गर्दा लिएको पंजिकृत प्रशिक्षण प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

## परिच्छेद ३

## छानविन एवं निर्णय

### ५. छानविन प्रकृया :

५.१ कार्यविधि ४ बमोजिम नाम दर्ता गराउने विद्यार्थीको कागजातहरु आवश्यक प्रकृयाको लागि शिक्षा विभाग समक्ष पेश गरिने छ ।

५.२ शिक्षा विभागले सम्पूर्ण कागजातको अध्ययन गरि कार्यविधि ३ को अधिनमा रहि विषय छुट दिन मिल्ने /नमिल्ने सम्बन्धमा आफ्नो सिफारीस सहित वोर्ड समक्ष पेश गर्ने छ ।

५.३ कार्यविधि ५.२ बमोजिम वोर्डले शिक्षा विभागको सिफारीस प्राप्त भएमा कार्यविधि ३ को अधिनमा रहि बिषय छुटको सम्बन्धमा अन्तिम निर्णय गर्नेछ ।

५.४ कार्यविधि ५.३ बमोजिम वोर्डले गरेको विषय छुटको निर्णयलाई सम्बन्धित विधार्थीलाई अनुसूची २ को ढांचामा जानकारी गराईनेछ ।

५.५ यस परिच्छेद बमोजिम वोर्डले बिषय छुटको सुविधा दिने निर्णय गरे पश्चात निवेदक लेखा प्राविधिज्ञलाई ऐन तथा नियमावलीका अन्य सम्पूर्ण व्यवस्थाहरु यथावत लागु हुनेछ ।

## परिच्छेद ४

### ६. पंजीकृत प्रशिक्षण

६.१ यस कार्यविधि बमोजिम विषय छुट पाएका विधार्थीले मध्यम तह उत्तिर्ण भई अन्तिम तहमा नाम दर्ता गराउन नियमावली २४ बमोजिम पंजीकृत प्रशिक्षण लिनु पर्नेछ ।

६.२ कार्यविधि ६.१ मा जे उल्लेख भएको भएतापनि यदि त्यस्ता विधार्थीले लेखा प्राविधिज्ञ शिक्षा अध्ययन गर्दा लेखा प्राविधिज्ञ विनियमावली को दफा २३ तथा २४ बमोजीम संस्थाको सदस्य संग पंजीकृत प्रशिक्षण लिएको भएमा त्यस्तो प्रशिक्षणलाई देहाए बमोजीमको अन्तिम तहको पंजीकृत प्रशिक्षण बराबरको मान्यता दिईनेछ तथा सो बराबरको पंजीकृत प्रशिक्षण छुट दिईनेछ ।

| पंजीकृत प्रशिक्षण | मान्यता |
|---|---|
| चार्टर्ड एकाउन्टेन्ट संग लिएको भएमा | सम्पूर्ण प्रशिक्षण अवधि |
| दर्तावाला लेखा परीक्षक संग लिएको भएमा | दुई तिहाई अवधि |

## परिच्छेद ५

## विविध

### ६. शुल्क बुझाउनुपर्ने :

विद्यार्थीले विषय छुटको लागि निवेदन दिएको प्रत्येक विषयको लागि सो विषयको चार्टर्ड एकाउन्टेन्सी मध्यम तहको परीक्षा शुल्क बापत लाग्ने रकम शुल्कको रुपमा भुक्तानी गर्नुपर्नेछ । विषय छुटको लागि निवेदन दिई यस कार्यविधि बमोजिम आवश्यक छानविन पश्चात विषय छुट नपाउने गरि निर्णय भएमा शुल्क बापत भुक्तानी गरेको रकम फिर्ता हुने छैन ।

### ७. परीक्षा उत्तीर्ण गर्नुपर्ने:

७.१ नियमावलीको दफा १५ को अधिनमा रहि चार्टर्ड एकाउन्टेन्सी मध्यम तह उर्त्तीण हुनको लागि यस कार्यविधि बमोजिम छुट पाएका बिषय बाहेक अन्य विषयमा कम्तिमा चालिस प्रतिशत र छुट पाएको बिषय बाहेक गरेर प्रत्येक समूहमा कम्तिमा पचास प्रतिशत औशत अंक प्राप्त गरेको हुनु पर्नेछ ।

७.२ कार्यविधि ७.१ म जुनसुकै कुरा लेखिएको भएतापनि कुनै परीक्षार्थीले दुवै समूहको परीक्षामा एकै पटक सम्मिलित भएकोमा दुवै समूहलाई एउटै मानी सोहि बमोजिम औसत अंक निर्धारण गरिने छ । यधपि यसरी औसत अंक निधांरण गर्दा यस कार्यविधि बमोजिम छुट पाएका बिषय बाहेक अन्य विषयहरुलाई मात्र गणना गरीनेछ ।

७.३ कार्यविधि ७.२ बमोजिम औसत अंक निर्धारण गर्दा औसत अंक पचास प्रतिशत भन्दा कम हुन गई उत्तीर्ण हुन नसकेको परीक्षार्थीले कुनै समूहमा औसत पचास प्रतिशत वा सोभन्दा बढी प्राप्त गरेको रहेछ भने त्यस्तो समूहको परीक्षामा निज उत्तीर्ण भएको मानिने छ ।

**८. अन्य व्यवस्थाहरु**

यस कार्यविधिमा उल्लेख भएका प्रावधानहरुको हकमा यसै कार्यविधि बमोजिम र उल्लेख नभएका अन्य बिषयहरुमा बोर्डको निर्णय बमोजिम हुनेछ ।

**९. कार्यविधि संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने :**

यस कार्यविधिको संसोधन, व्याख्या तथा बाधा अडकाउ फुकाउने अधिकार परिषदमा निहित रहने छ ।

**अनुसूची १ : नियमावलीको १६ख बमोजिम विषय छुटको सुविधा प्राप्त गर्न चाहने लेखा प्राविधिज्ञले दिने निवेदनको ढांचा ।**

श्रीमान् शिक्षा विभाग प्रमुख ज्यू
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
ललितपुर ।

विषय : विषय छुट सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, लेखा प्राविधिज्ञ विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धि कार्यविधि, २०७३ बमोजिम म ................................................................................ ले निम्न बमोजिम कागजात तथा उल्लेखित शुल्क बुझाएको रसिद राखी संस्था द्वारा संचालित चार्टर्ड एकाउन्टेन्सी शिक्षाको दास्रो तहको निम्नानूसारको विषयहरुमा छुट गरिदिनु हुनका लागि निम्न विवरण सहित दरखास्त पेश गर्दछु ।

छुटको लागि निवेदन दिएका विषयहरु निम्न बमोजीम रहेका छन् :

| विषय | विषय |
|---|---|
| १. | ५. |
| २. | ६. |
| ३. | ७. |
| ४. | ८. |

निवेदकको विवरण :

१. नाम थर (पुरा) : ..........................................................................................(नेपालीमा)
.................................................................................(English BLOCK Letter)

२. जन्म मिति : वि.सं. ........................................... ई.सं. ................................................

३. नागरिकता : ...................................... ना.प्र.नं.: ............................ जिल्ला :........................

४: ठेगाना : स्थायी : ........................................................................................................
अस्थायी : ........................................................................................................
टेलिफोन नं.: .......................... मोबाईल : ............................... पोष्ट बक्स : ............
इमेल : ............................................

५.
लेखा प्राविधिज्ञ उर्त्तिण गरेको साल । महिना : ........... .........................................................................
संस्था : ...........................................................

६. लेखा वा लेखापरीक्षणसंग सम्बन्धित कार्य अनुभव : ...................... वर्ष

७. पेशा : नोकरी / व्यापार / लेखा व्यवसाय / शिक्षक / अन्य : ........................................................

८. नोकरी गरेको भए कार्यलयको नाम : ..........................................................................
ठेगाना : .................................................................................
दर्जा : ................................................

*माथि उल्लिखित जानकारी । विवरणहरु ठिक सांचो छ भन्ने प्रमाणित गर्दछु । यदि झुठो भएमा नियमानुसारको कारवाहि ब्यहोर्न तयार छु ।*

*भवदिय*

*नाम* : ............................

*हस्ताक्षर* : ............................

*मिति* : ............................

*संलग्न गर्नुपर्ने कागजपत्रहरु :*

क. लेखा प्राविधिज्ञको प्रमाणपत्र, लब्धाङ्क पत्र, प्रमाणपत्र, तथा पाठ्यक्रमको प्रमाणित प्रतिलिपी : १।१ थान

ख. लेखा प्राविधिज्ञ शिक्षा अध्ययन गर्दा लिएको पंजीकृत प्रशिक्षणको प्रमाणित प्रतिलिपी : १ थान

ग. नागरिकताको प्रमाणपत्र को प्रमाणित प्रतिलिपी : १ थान

**अनुसूची २ :** कार्यविधि ५.३ बमोजिम बोर्डले गरेको विषय छुटको निर्णयलाई सम्बन्धित विधार्थीलाई जानकारी गराईने ढांचा ।

श्री /श्रीमति/सुश्री...................................

...................................

विषय : विषय छुट सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा तपाईले मिति ....................मा लेखा प्राविधिज्ञ विषय छुट तथा पंजीकृत प्रशिक्षण सम्बन्धी कार्यविधि, २०७३ अन्तर्गत पेश गर्नुभएको विषय छुट सम्बन्धी निवेदन उपर बोर्ड अफ स्टडिजको मिति....................को बैठकमा छलफल भई निम्नानूसारको विषय छुट दिने निर्णय भएको जानकारी गराउंदछौं ।

| क.सं. | छुटको निवेदन दिएको विषय | निर्णय (छुट दिने /नदिने ) |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| | | |
| | | |
| | | |
| | | |

यस संम्बन्धी थप जानकारी चाहिएमा अधोहस्ताक्षरीलाई सम्पर्क गर्नुहोला ।

..............................

शिक्षा विभाग प्रमुख